स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्का कलात्मक र व्यावसायिक दुईटै धारका फिल्ममा जमेकी छन् । 'बुलबुल' र 'चिसो मान्छे' जस्ता फिल्मले उनलाई अब्बल कोटीको अभिनेत्रीको रुपमा स्थापित गर्‍यो । 'होस्टेल रिर्टन्स', 'नाइँ नभन्नू ल ५', 'दिमाग खराब', 'छक्का पञ्जा २' जस्ता फिल्मको सफलताले उनको करिअरलाई मजबुत बनाउन ठूलो भूमिका खेले । यतिबेला उनको करिअर उत्कर्ष विन्दूमा छ ।

**आजको विचार...**



नीति... (दुई पेजमा)

कोपिला सुब्बा



अभिनेता दयाहाङ राईले आफ्नो करिअरमा ५० बढी फिल्ममा काम गरिसकेका छन् । त्यसमध्ये कुनैमा मगर त कुनैमा तामाङ र थारुको भूमिका निभाए । यही जेठ २५ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'गाउँ आएको बाटो'मा भने उनले पहिलोपटक आफ्नै समुदायको पात्र निर्वाह गरेका छन् । अर्थात् यसमा उनी राईको चरित्रमा छन् । फिल्मले उठाएको कथा पनि राई समुदायको हो । यो फिल्ममा काम गर्दा आफ्नै समुदायलाई भित्री तहबाट चिन्ने मौका पाएको दयाहाङको अनुभव छ ।

❑ वर्ष २९ ❑ अंक ३०५ ❑ २०८१ जेठ २२ गते मंगलबार 4 June 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### बालबालिकामाथि अत्याचार विरुद्धको दिवस मनाइँदै



**पाल्पा**, जेठ २१/निर्दोष बालबालिकामाथि अत्याचार विरुद्धको दिवस विभिन्न कार्यक्रम गरी आज मनाइदैं छ । प्रत्येक वर्ष जुन ४ तारिखमा संसारभरि निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस मनाइने गरिन्छ । दिवसका अवसरमा विभिन्न कारणले बालबालिकाले भोगेका शारीरिक, मानसिक, भावनात्मक अनि संवेगात्मक पीडाहरूको चर्चा गर्दै अब त्यस्तो हुन नदिन छलफल र जागरण पनि गरिन्छ ।

संयुक्त राष्ट्र संघको बाल अधिकारप्रतिको प्रतिवद्धताको पनि आज चर्चा गरिन्छ । नेपालमा बालबालिकाका अधिकार ममतालाई आत्मसात् गर्ने नेतृत्व छान्नेतर्फ हामी कत्तिको चनाखो छौ त ? यस्तै कुराहरूलाई समाहित गर्दै संसारभरि बालमैत्री संरचना र समाजको निर्माणका लागि 'से यस टु चिल्ड्रेन' अर्थात् 'बालबालिकालाई हुन्छ भनौं' भन्ने अभियान पनि चलाइएको छ । संसारभरिका लगभग १० करोड बालबालिकाले आज यसै अभियानमार्फत विभिन्न तवरले आ-आफ्ना समाजबाट बाल अधिकारप्रति आफ्नो ऐक्यवद्धता जनाउँछन् ।

# पाल्पाका स्थानीय तहको बेरुजुमा सामान्य सुधार

## अझै २७ करोड ९० लाख बेरुजु देखियो

**रामचन्द्र रायमाझी/संगीता आचार्य**

**पाल्पा,** जेठ २१/ पाल्पाका स्थानीय तहमा बेरुजुको अवस्था सामान्य सुधार भएको पाइएको छ । महालेखा परीक्षकको ६१ औं प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा २०७९/८० बेरुजुको अवस्थामा सामान्य सुधार देखिएको हो ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७९/०८० मा गरेको लेखापरिक्षणमा जिल्लाका १० वटा पालिकाहरुमा २७ करोड ९० लाख ९२ हजार बेरुजु कायम भएको देखिन्छ । अघिल्लो आव २०७८/७९ मा ४१ करोड ३३ लाख १८ बेरुजु रहेको थियो छ । जहाँ १३ करोड ४२ लाख २६ हजारले कम हुन आएको छ । विगतमा यहाँका स्थानीय तहको बेरुजुको अवस्था डरलाग्दो रहेपनि पछिल्ला वर्षहरुमा केही कम हुँदै गएको देखिन्छ । यहाँ आर्थिक वर्ष २०७७/०७८ मा ३५ करोड ३० लाख ३८ हजार बेरुजु थियो । यो अघिल्लो वर्षको तुलनामा केही कम हो । यसले जिल्लाका स्थानीय तहको बेरुजुको अवस्थामा केही सुधार हुँदै गएको देखिन्छ । सरकारी खर्च भए पनि स्रोत प्रमाणित हुन नसकेको हिसाबलाई महालेखा परीक्षक कार्यालयले बेरुजुका रुपमा राख्ने गर्छ । कुनै पनि कार्यालयमा बेरुजु देखिनु भनेको त्यहाँ वित्तीय अनुशासन कायम हुन नसक्नु हो । यसले सम्बन्धित कार्यालयमा अपारदर्शी तवरबाट आर्थिक क्रियाकलाप भइरहेको छ भन्ने प्रष्ट पार्दछ । जिल्लामा अहिलेको बेरुजुको तथ्याङ्कलाई हेर्दा स्थानीय तहमा आर्थिक अनुशासनहिनता र बेथितिमा केही सुधार हुँदै गएको पुष्टि हुन्छ । महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७९/८० मा सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार १२ अर्ब ८० करोड, ४१ लाख ११ हजारको परीक्षण गर्दा २७ करोड ९० लाख ९२ हजार रकम बेरुजु देखिएको छ । जिल्लामा दुई नगरपालिका र आठ गाउँपालिका रहेका छन् । जस अन्तर्गत तिनाउ गाउँपालिकामा सबैभन्दा कम बेरुजु देखिएको छ भने पूर्वखोला गाउँपालिकामा बढी देखिएको छ ।

| क्र.श | स्थानीय तहको नाम | बेरुजु | |
|---|---|---|---|
| | | आर्थिक वर्ष २०७८/०७९ | आर्थिक वर्ष २०७९/०८० |
| १ | तानसेन नगरपालिका | ७ करोड १५ लाख ४२ हजार | तीन करोड २ लाख ३३ हजार |
| २ | रामपुर नगरपालिका | ३ करोड ४७ लाख ७३ हजार | दुई करोड १६ लाख ९४ हजार |
| ३ | तिनाउ गाउँपालिका | ४ करोड ७३ लाख ८२ हजार | ६९ लाख २७ हजार |
| ४ | निस्दी गाउँपालिका | २ करोड ३ लाख ६४ हजार | ५ करोड ८ लाख ६६ हजार |
| ५ | पूर्वखोला गाउँपालिका | ६ करोड ९० लाख २० हजार | सात करोड १७ लाख २५ हजार |
| ६ | बगनासकाली गाउँपालिका | ३ करोड ३७ लाख ४२ हजार | ९८ लाख ७९ हजार |
| ७ | माथागढी गाउँपालिका | ६ करोड ११ लाख ६५ हजार | ४ करोड १ लाख ९४ हजार |
| ८ | रम्भा गाउँपालिका | ३ करोड ५४ लाख ७१ हजार | २ करोड ३८ लाख ५४ हजार |
| ९ | रिब्दीकोट गाउँपालिका | २ करोड २४ लाख ७१ हजार | ९३ लाख ८६ हजार |
| १० | रैनादेवी छहरा गाउँपालिका | १ करोड ७३ लाख ८८ हजार | १ करोड ४३ लाख ३४ हजार |

सबै भन्दा कम देखिएको तिनाउमा ९८ करोड १८ लाख ५५ हजार लेखापरीक्षण गर्दा ६९ लाख २७ हजार बेरुजु आएको हो । जुन कूल बेरुजुको ० दशमलव ७१ प्रतिशत हो । यहाँ अघिल्लो आर्थिक वर्ष ४ करोड ७३ लाख ८२ हजार बेरुजु आएको थियो । सबै भन्दा धेरै आएको पूर्वखोलामा एक अर्ब २४ करोड ८८ लाख २४ हजार लेखापरीक्षण गर्दा सात करोड १७ लाख २५ हजार बेरुजु आएको छ । जुन ५ दशमलव ७४ हो । यहाँ अघिल्लो आर्थिक वर्ष ६ करोड ९० लाख २० हजार देखिएको थियो । यस्तै तानसेन नगरपालिकामा एक अर्ब ६८ करोड ६९ लाख ६९ हजार लेखापरीक्षण गर्दा तीन करोड २ लाख ३३ हजार बेरुजु देखिएको छ । जुन कुल बेरुजुको १ दशमलव ७९ प्रतिशत हो ।

यहाँ अघिल्लो आवमा ७ करोड १५ लाख ४२ हजार रहेको थियो । रामपुर नगरपालिकाको एक अर्ब ७० करोड ५९ लाख ७७ हजार लेखापरीक्षण गर्दा दुई करोड १६ लाख ९४ हजार बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यो समग्र बेरुजुको १ दशमलव २७ प्रतिशत हो । यहाँ अघिल्लो आवमा ३ करोड ४७ लाख ७३ हजार रहेको थियो ।

यस्तै निस्दी गाउँपालिकाको एक अर्ब ५२ करोड ९५ लाख ९६ हजार लेखापरीक्षण गर्दा ५ करोड ८ लाख ६६ हजार बेरुजु देखिएको छ । जुन कुल बेरुजुको ३ दशमलव ३३ प्रतिशत हो । यहाँ अघिल्लो आवमा २ करोड ३ लाख ६४ हजार थियो । बगनासकाली गाउँपालिकाको ९८ करोड १४ लाख १३ हजार लेखापरीक्षण गर्दा ९८ लाख ७९ हजार बेरुजु देखिएको छ । जुन कुल बेरुजुको १ दशमलव १ प्रतिशत हो । यहाँ अघिल्लो आवमा ३ करोड ३७ लाख ४२ हजार रहेको थियो । यस्तै माथागढी गाउँपालिकाको एक अर्ब ४४ करोड ८ लाख ३८ हजार लेखापरीक्षण गर्दा ४ करोड १ लाख ९४ हजार बेरुजु रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । जुन समग्र बेरुजुको २ दशमलव ७९ प्रतिशत हो । यहाँ अघिल्लो आवमा ६ करोड ११ लाख ६५ हजार बेरुजु रहेको थियो ।

...-बाँकी अन्तिम पेजमा

## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# गुल्मी जिप दुर्घटना : घाइतेहरुको अवस्था बुझ्न काँग्रेस नेताहरु अस्पताल

## घाइतेको उपचारमा कमी हुन नदिन आग्रह

**पाल्पा,** जेठ २१/गुल्मीको कालीगण्डकी गाउँपालिका- ४ पुर्तिघाट ओकेङमा सोमबार भएको जिप दुर्घटनामा परी घाइते भएकाहरुको अवस्था बुझ्न नेपाली काँग्रेसका नेताहरु अस्पताल पुगेका छन् । उनीहरु घटना घटेको थाहा पाउन साथ उपचारत घाइतेहरुको अवस्था बुझ्न पाल्पास्थित लुम्बिनी मेडिकल कलेज प्रभास पुगेका हुन् ।

नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, नेपाली काँग्रेस गुल्मीका सचिव तथा युवा नेता जगदीश भट्टराई, काँग्रेस नेता तथा कालीगण्डकी गाउँपालिकाका अध्यक्ष वेदवहादुर थापा, काँग्रेस युवा नेता तथा तानसेन नगरपालिका-७ का वडा अध्यक्ष प्रदीप खनाल लगायतका नेताहरु अस्पताल पुगेर उपचारत घाइतेहरुको अवस्था बारे जानकारी लिएका छन् । अस्पतालमा घाइतेहरुलाई भेटेर



उनीहरुले शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै पनि कमी हुन नदिन अस्पताललाई आग्रह समेत गरेका छन् ।

उपचाररत घाइतेहरुको सहयोगका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई आग्रह गर्ने र समन्वयकारी भूमिका खेल्ने काँग्रेस नेताहरुले बताएका छन् ।

सोमबार विहान कालीगण्डकीको फोक्सिङ्बाट बुटवलतर्फ जाँदै गरेको ग २ च ३२६२ नम्वरको जिप दुर्घटना हुँदा भार्सेकी ३० वर्षीया कमला बूढाथोकीको मृत्यु भएको छ भने सात जना गम्भीर घाइते भएका छन् । घाइते सबैको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भईरहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बजेट कार्यान्वयनमा संशय

जेठ १५ गते अर्थमन्त्री वर्षामान पुनले आर्थिक वर्ष ०८१/८२का लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट प्रस्तुत गरे । यो रकम यसअघि चालु आर्थिक वर्षका लागि ल्याइएको बजेटभन्दा १ खर्ब ९ अर्बले बढी हो । बजेटमाथि संसदमा छलफल सुरु भएको छ । नयाँ बजेट र कार्यक्रमलाई धेरैले पुरानै खालको भने पनि कतिपयले आर्थिक सुधारतर्फ उन्मुख रहेको बताएका छन् । यद्यपी बजेट जे जस्तो भए पनि कार्यान्वयन पक्ष महत्वपूर्ण हो ।

छलफलमा प्रमुख प्रतिपक्ष दलका सांसदहरुले भने बजेटप्रति विरोधसँगै कार्यान्वयन हुनेमा आशंका गरेका छन् । प्राय: प्रतिपक्षी दलहरूबाट बजेटको विरोध हुने गरेको पाइन्छ र यो हुनु पनि पर्छ । तर, आगामी आर्थिक वर्षको बजेटप्रति प्रतिपक्षी दलका साथै सत्तापक्षकै दलले प्रश्न उठाएका छन् । यसले बजेट कार्यान्वयन हुनेमा थप संशय उत्पन्न गराएको छ । यस वर्षको बजेटले नितान्त नौलो भविष्य वा देशमा दूरगामी प्रभाव पार्ने कुनै ठोस कार्यक्रम घोषणा गर्न सकेको छैन भने यसले चल्दै आएको आर्थिक प्रणालीलाई भत्काउने वा बिगार्ने गरी असहज व्यवस्था पनि गरेको छैन । बजेट भनेको सबैभन्दा बढी विरोध हुने विषय हो यसमा सन्देह छैन । सबै सांसदहरूको आ-आफ्ना संसदीय क्षेत्रहरूमा बढी बजेट विनियोजन होस् भन्ने चाहना हुन्छ तर बजेटले त्यसो गर्न सकेको हुँदैन । कुनै क्षेत्रमा बढी र कुनै क्षेत्रमा कम त भई नै हाल्छ । त्यसले गर्दा कम विनियोजन भएका क्षेत्रका सांसदहरू बजेटविरोधी बन्नु स्वभाविक हो । तर सांसदहरुले नै बजेट कार्यान्वयनमा चुनौती रहेको बताएका छन् । असहज अवस्थामा बजेटको आकार बढाइएको, लक्ष्यअनुसार राजस्व संकलन, वैदेशिक अनुदान र ऋण जुटाउन सहज नभएकाले बजेट कार्यान्वयन हुनेमा सांसदहरु नै सशंकित छन् । अर्थतन्त्रको मूलभूत समस्या समाधान र स्रोतको व्यवस्थापनमा बजेट केन्द्रित हुन नसक्नुले पनि कार्यान्वयनमा थप चुनौति रहेको छ । बजेटको आकार मुलुकको आवश्यकताअनुसार सहज रूपमा वृद्धि गरिनुपर्ने भए पनि बढाउनका लागि बढाइएको छ । यसले बजेटको स्रोत जुटाउन सकस पर्ने देखिन्छ । यसले पनि बजेट सहजै कार्यान्वयन नहुने हो कि भन्ने आशंका उब्जाउने गरेको छ । बजेट कार्यान्वयनमा जतिसुकै चुनौति रहे पनि सरकारले दृढ इच्छा शक्ति देखाएमा कार्यान्वयन नहुने भन्ने हुँदैन । तसर्थ बजेट कार्यान्वयनको दिशामा सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

मुस्कान पनि एउटा आशिर्बाद होरे,
लिनुहोस् ,अनि दिनुहोस्
*(सुस्मिता रेगामीको फेसबुकस्टाटस https://www.facebook.com/regami.sushmita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नीति, नेतृत्व, नैतिकता र नवजवान



कोपिला सुब्बा

शासकीय हिसाबले हेर्दा नेपाल पञ्चायत, प्रजातन्त्र, गणतन्त्र तथा अन्य कुन व्यवस्थामा 'जनहित'का कार्य ज्यादा भए भनेर बहस गर्न सकिएला । तर, यतिबेला एकाथरि 'राजा आऊ देश बचाऊ' र अर्काथरी 'मिसन-०८४' भन्दै सस्तो लोकप्रियताको नारा लगाइरहेका छन् । तत्कालीन राजालाई लल्कार्नेदेखि मिसन-०८४ सम्म भन्नेहरूसँग राष्ट्र निर्माणका लागि प्रदर्शन गर्नुपर्ने 'नीति, नेतृत्व र नैतिकता' के छ र कति छ ? सँगै उनीहरूले आफ्नो एजेण्डामा मुलुकका 'नवजवान'लाई कति एकाकार गर्न सकेका छन् ? यो प्रश्नको उत्तर आज खोज्ने बेला आएको छ ।

जनताको अपेक्षा भनेकै 'राजनीतिक स्थीरता, सुशासन र समृद्धि' हो । सरकार निर्माणको १८ महिना अवधिमा ४ पटक विश्वासको मत लिनुपर्ने अवस्थालाई 'राजनीतिक स्थीरता'सँग कसरी तुलना गर्ने ? सुशासनको सन्दर्भ जोड्नुपर्दा मूलधारका दलका नेता नजोडिएको 'भ्रष्टाचार'का काण्ड र 'सहकारी' नमुछिएको नयाँ भनिएका दल नेताहरू भेट्टाउन मुस्किल छ । उता, समृद्धिको विषय आफैँ यति अलपत्र पऱ्यो कि प्रचण्ड सरकार निर्माण भएयता '२८ किलो मिटर सडक निर्माण' भएछ । यही तथ्यांकले देखाउँछ, मुलुकको समृद्धिको चित्र ।

**नीति :** मलेसिया जस्तो मुलुकले बीस वर्षे नीति तय गर्ने गर्छ । अमेरिका जस्तो मुलुकले १ सय वर्षे नीति बनाउँछ ।

तर, नेपालले पाँच वर्षे नीति बनाउँदा पनि पाँच वर्षमा कम्तीमा दुईदेखि तीन वटा सरकार निर्माण हुन पुग्दा सरकार फेरिए नै पिच्छे नीति बद्लिँदा मुलुक 'असफल राष्ट्र उन्मुख' छ भनी निश्कर्ष निकाल्न कठिन छैन । मुलुक निर्माणको नीतिदेखि नेपालको वैदेशिक नीतिसम्ममा सरकारहरू पटक-पटक चुक्न पुग्दा नेपालले विकासका सन्दर्भमा वैदेशिक समर्थन समेत भरपर्दो ढंगले प्राप्त गर्न सकेन । अझ २०७२ मा जारी नेपालको संविधानमा 'समाजवाद उन्मुख' भन्ने शब्दावली राखियो ।

उक्त शब्दावलीको व्याख्या गर्दै 'समाजवाद उन्मुख'को अर्थ प्रजातान्त्रिक समाजवादी व्यवस्था उन्मुख हो भनेर बुझाइएन । अन्तर्राष्ट्रिय समुदायले नेपालको संविधानमा उल्लेखित 'समाजवाद उन्मुख' भन्ने शब्दलाई फरक ढंगले अर्थ लगाउँछन् । उनीहरूको बुझाइमा, नेपालमा लगानी गरी बहुर्राष्ट्रिय कम्पनी खोलिँदा नेपाल सरकारले चाहेका दिन संविधानमा उल्लेखित त्यही 'समाजवाद उन्मुख' भन्ने शब्दकै आधारमा कम्पनीहरू 'राष्ट्रियकरण' गरिदिन सक्छ । यो विषय चिर्न नसक्दासम्म नेपालमा लगानी भित्रन सम्भव छैन ।

सरकारी नीतिबारे दोस्रो चर्चा गरौं । आज मुलुकमा माओवादी केन्द्र नेतृत्वमा सरकार छ । मुलुकको अर्थमन्त्री पनि माओवादी केन्द्रकै छ । यिनै माओवादीले हिजो उनीहरूकै भाषामा 'जनयुद्ध' गर्दा विदेशी लगानीका बहुराष्ट्रिय कम्पनीमाथि 'बम' हाने । चन्दा आतंक मच्चाए । कम्पनीका मालिकहरू कम्पनी छाडेर रातारात विदेश भाग्न बाध्य भए । आज पनि कोकाकोलादेखि कोटीभिटीमाथि मुद्दाको भार छ । यो अवस्थामा कसरी लगानी मैत्री वातावरण बन्छ ? लगानी मैत्री नीति भनेको यही हो ? प्रचण्ड सरकार निर्माण यता नेपाली तथा विदेशीले नेपालमा कति उद्योग खोले ? तसर्थ, सरकारसँग राष्ट्र निर्माणको जिम्मेवार 'नीति' नै देखिन्न ।

राष्ट्र निर्माणका सन्दर्भमा विपक्षी कांग्रेस समेतलाई विश्वासमा लिएर 'नीति' बनाउनुपर्ने राज्य पक्ष सिंगै विश्व समुदायलाई नै लज्जित पार्ने गरी संसदमा विपक्षीमाथि 'मार्शल' लगाएर 'नीति तथा कार्यक्रम' पास गर्दैछ । विपक्षी 'भ्रष्टाचार र अनियमितता' छानबिन गर्न समिति बनाऊ भन्छ, सरकार मान्दैन । मान्यो भनेपनि उल्टै 'शर्त' राख्छ । यसरी र यही 'नीति'ले मुलुकले कसरी समृद्धिको मार्ग पहिल्याउन सक्ला ?

**नेतृत्व :** मुलुक सञ्चालनका सन्दर्भमा युग सुहाउँदो 'नेतृत्व' नेपालले पाउनै सकेन । पहिलो पुस्ताको हातमा राजनीतिक नेतृत्व रहुञ्जेल मुलुकले समृद्धिको मार्ग पहिल्याउन सक्दा पनि सक्दैन । 'विचार र उमेर'ले युवाको हातमा देशको नेतृत्व पुऱ्याउन नसक्दासम्म नेपाल 'जहींको त्यही' रहने निश्चित छ । हुन त, मूलधारका दलहरू कांग्रेस, एमाले, माओवादीबाट मुलुक चलेन, अब मुलुक हामी चलाउँछौं भन्ने 'रवि'हरूका पनि छवि र नियत छोटै अवधिमा प्रष्टै भयो ।

किनकि 'नयाँ र स्वच्छ' भनिएका रविहरूले पनि आफ्नाबारेमा प्रश्न उठ्नासाथ तत्कालै 'सरकार' तथा आवश्यक पर्दा 'संसद'बाटै राजीनामा दिन सक्थे । तिनले 'आफूउपर छानबिनको माग' आफैँले उल्टै गरेको भए हामी युवाहरूका लागि 'रवि' 'आइडल' बन्न सक्थे । त्यो महान अवसर पनि उनीहरूले गुमाए । अर्कातिर, संचार माध्यमका प्रमुखलाई जुन 'हर्कत' देखाएर नियन्त्रणमा लिइयो, त्यो लोकतन्त्र होइन । लोकतन्त्रमा जुन निकायद्वारा 'नागरिकता' जारी गरियो, त्यही निकायले 'नागरिकता'बारे तपाईसँग बुझ्नु परेकाले उपस्थित हुनु होला भनेर पत्र काट्नु पर्दथ्यो वा काट्छ । आखिर राज्य संयन्त्रको दुरुपयोग गरी आतंकपूर्ण तरिकाले नियन्त्रणमा लिनुको औचित्य प्रमाणित भएको खोई ? नेतृत्व इमान्दार नहुँदा नागरिकले दु:ख पाउँछन् ।

म स्वयम् नेपालको सुदूर पूर्वी जिल्ला ताप्लेजुङमा जन्मिएर निश्चित समय बेलायत बसोबास गरी नेपालमै 'नेपाल निर्माण'को अभियानमा योगदान दिन नेपाल फर्किएको छु । यहाँ यो कुरा उल्ल्लेख गर्न चाहन्छु कि मैले पढेको वीपी कोइरालाका पुस्तकका केही भनाईहरूले मलाई राजनीतिमा आकर्षित गऱ्यो । वीपीले प्रतिबन्धितकालमै प्रजातान्त्रिक आन्दोललाई सघाउन कर्मचारीले 'पेन डाउन' गर्न खोज्दा भनेका थिए, 'तपाईहरू त्यसो नगर्नुस्, भोलि आउने मेरो सरकारलाई अप्ठ्यारो पर्छ ।' कति दूरदर्शिता रहेछ, प्रजातन्त्रमा विश्वास गर्ने नेता वीपीमा । आज सडकमा गल्ती गर्ने सवारी चालकलाई एकातिर 'फाइन' तिराइन्छ भने अर्कातिर कानुनमा व्यवस्था नै नभएको व्यवस्थाअन्तर्गत 'सडकमा एक घण्टा' उभ्याइन्छ । यो लोकतन्त्र र मानवअधिकारको ठाडो उपहास हो । यस्तै 'स्टन्ट'मै रमाइरहने नेतृत्वको हातमा मुलुक रहुन्जेल मुलुकले प्रगतिको 'पथ' समाउनै सक्दैन ।

**नैतिकता :** नैतिकता वास्तवमा आफैं भित्रबाट उब्जने चिज हो । पञ्चायतकालीन मन्त्री केसरबहादुर विष्टको हातमा रंगशालाको चावी थिएन । तर, जब रंगशाला घट्ना भयो, तब उनले 'उच्च नैतिकता' देखाउँदै राजीनामा दिए । हाम्रा नेताहरूले आज लोकतन्त्रमा समेत 'नैतिकता'को राजनीति गर्न सकेका छैनन् । टाढाको उदाहरण दिनै पर्दैन। छिमेकी मुलुक भारतमा 'रेल दुर्घटना' हुनासाथ रेलमन्त्रीले राजीनामा दिने नैतिक परम्परा छ । तर, नेपालका सन्दर्भमा 'ललिता निवास' प्रकरणमा पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपालदेखि बाबुराम भट्टराईसम्मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान नै लिँदा पनि उनीहरूबाट 'पश्चाताप' गरेको समाचार बाहिर आएन ।

ल भै'गो, उहाँ पुराना र परम्परागत नेता भएकाले 'पश्चाताप वा राजीनामा'को तहसम्म उहाँहरू पुग्नु भएन । तर, कांग्रेस एमाले, माओवादी तथा मधेसवादी दलबाट राष्ट्र चल्दै चलेन भनी 'डंका' पिट्ने राष्ट्रिय स्वतन्त्र पार्टी र त्यसका नेता उपर हजारौं सर्वसाधारणको करोडौं रुपैयाँ अपचलनको विषय सार्वभौम संसदमा उठ्दा उल्टै 'तिमीहरूको फाइल खोलौं' भन्दै धम्क्याउनुबाहेक 'नैतिकता' प्रदर्शन गर्ने आँट नयाँ तथा युवा भनिएको 'रास्वपा'मा पनि भएन । यो नयाँ प्रति आशा राख्नेहरूका लागि दु:खद् पाटो हो । नैतिकता 'रवि'सँग मात्र खोजिएको होइन ।

टेरामक्स, यति, ओम्नी, ललिता निवास, भुटानी शरणार्थी, आयल निगम जग्गा, कामै नलाग्ने चाइनिज जहाज खरिद, भृकुटी मण्डप जग्गा भाडा, ७० करोड घूस, मेलम्ची, स्टक एक्सचेञ्ज, गिरीबन्धु टि स्टेट, लगायतका छानबिनको निशानामा मूलधारका दलको उपल्लो तहका नेता पनि छन् । उनीहरूले पारदर्शी छानबिनलाई मद्दत पुऱ्याएर जरुरी पर्दा आफ्नो दलकै परेपनि छानबिन होस् भनेर लोकतान्त्रिक आचरण देखाउन सक्नु पर्दथ्यो । दुर्भाग्य, नेपालमा पछिल्ला वर्षहरूमा देखापरेका ठूला भ्रष्टाचारका घट्नाका छानबिनको माग गर्नेमा केवल कांग्रेसका नेताहरू गगनकुमार थापा, विश्वप्रकाश शर्मा र प्रदीप पौडेलहरू मात्र देखिए । उनीहरूले देखाएको 'नैतिक बल'कै कारण युवा, विद्यार्थी र तरुणमा लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसप्रति अझै पनि भरोसा कायमै छ ।

**नव जवान :** राष्ट्र निर्माणका लागि भरोसायोग्य शक्ति भनेकै 'नव जवान' हुन् । बेलायत जस्तो विकास र प्रजातन्त्रको जननी मुलुकबाट नेपाल फर्किएर नेपाल तरुण दलमा म आबद्ध किन भए भन्दा वीपीले 'प्रजातान्त्रिक समाजवाद'का माध्यमबाट देश निर्माण लाग्न युवाहरूलाई प्रेरित गर्नकै निम्ति 'तरुण संगठन'को आवश्यक्ता देखेर संगठन खोल्नुभयो । मलाई थाहा छ, तरुण दल, वाइसिएल, युवा संघ जस्ता संगठनका प्रतिक जनस्तरमा छाप राम्रो छैन् ।

यी संगठनमा आवद्ध युवाहरू दिनभर 'उठन-पठन'मा लाग्छन् र रातभर 'बार'मा 'हुक्का' तानेर बस्छन् भन्ने सन्देश गएको छ । यो नमिठो 'छाप' हटाएर दैनिक हजारौंको संख्यामा विदेशिने 'नव जवान'लाई नेपालमै 'पढ्दै, उद्यम गर्दै' गर्ने वातावरण निर्माण गर्न सकिन्छ भन्ने सोच हामीजस्ता युवापुस्तामा छ । हामी भोली संगठन तथा पार्टीकै नेतृत्वमा पुग्दा विदेशमा 'देखेको र भोगेको' अनुभवलाई नेपालमा सकारात्मक ढंगले कार्यान्वयन गरेर देखाउन चाहन्छौं । स्रोत र साधान नेपालमा नभएको होइन्, हाम्रो नेतृत्वमा केवल 'इमान्दारीता र इच्छाशक्ति' मात्र नभएको हो । हाम्रा मूलधारका दलका सबै नेताहरूले 'व्यवस्था परिवर्तन'को आन्दोलनमा पर्याप्त योगदान त दिनुभयो ।

तर, उमेरसँगै भिजन पनि एकसाथ नबढ्ने भएकाले 'युग सुहाउँदो विकासको खाका' भने उहाँहरूमा देखा परेन । अब हामीले राष्ट्र निर्माणका सन्दर्भमा पहिलो चरणमा 'गगन, विश्व, प्रदिप' पुस्तालाई साथ दिने हो । दोस्रो चरणमा मेरै पुस्ता नेतृत्वमा पुगेर देशको विकासको चित्र बदल्ने हो । यसका निम्ति हामीसँग भिजन छ, अवसर भने समयक्रमसँगै खोसेरै लिने हो । आज मुलुकमा जुन प्रकारको राजनीतिक तमासा देखिएको छ, त्यसले न त मुलुक बन्छ, न त दक्ष जनशक्ति विदेश जानबाट नै रोकिन्छ ।

हाम्रा पुस्तालाई हामीले राष्ट्र निर्माणमा लगाउन सकेनौं भने नेपाल सयौं वर्षपछाडि धकेलिने छ । तसर्थ, नेपाल निर्माणका निम्ति 'नीति, नेतृत्व, नैतिकता र नव जवान'का बारे आजै सोच्न जरुरी छ । जुन मेरो पुस्ता र राजनीतिमा आएका म जस्तो नवआगन्तुकले सोचिरहेको छ । **-बाह्रखरी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रतिस्पर्धाबाट फाइदा उठाउन सकिनेछ । विशेष सफलता हात लाग्नेछ। | **तुला** : विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : मन भावुक र उत्ताउलो बन्नसक्छ। प्रेममा मनमुटाव आउनेछ । | **वृश्चिक** : अरूको मन जित्न सकिनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **मिथुन** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धुहरुबाट सहयोग मिल्नेछ। | **धनु** : धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । जिम्मेवारी वहन गर्ने समय छ। |
| **कर्कट** : रोकिएका कामहरू पुन: सुरु हुन सक्छन्। जोशजाँगर र उमङ्ग बढ्नेछ। | **मकर**: स्वास्थ्यमा खर्च बढ्ने योग छ। सम्बन्धमा मनमुटाव सिर्जना हुनेछ । |
| **सिंह** : दैनिक कार्यमा प्रगति हुनेछ । धर्म र कर्ममा मन लाग्नेछ । | **कुम्भ** : सुखदुख बराबरी खालको समय रहनेछ । बिस्तारै बढी लाभ मिल्नेछ । |
| **कन्या** : निर्णय कार्यान्वयन हुन नसक्ला। आत्मबलमा कमी आउने छ । | **मीन** : टाढाको यात्रा सम्भावना छ । सामाजिक कार्यमा रुचि बढ्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# सामसुङले ल्याउँदैछ स्मार्ट औंठी, जुलाइमा लञ्च हुँने

दक्षिण कोरियाली इलेक्ट्रोनिक्स कम्पनी सामसुङले छिटै नै आफ्नो फोल्ड तथा फ्लिप फोन लञ्च गर्नेवाला छ । उसो त कम्पनीले यसको आधिकारिक मितिको घोषणा गरिसकेको छैन, तथापि यससँग सम्बन्धित विभिन्न खुलासायुक्त समाचारहरु लगातार आइरहेका छन् । रिपोर्टहरुलाई आधार मान्ने हो भने कम्पनीले जुलाइ महिनाको सुरुवातमा आफ्ना नयाँ फोल्डबेल फोन लञ्च गर्नेछ ।




पछिल्लोपटक सामसुङको उक्त विशेष सार्वजनिकीकरण समारोह Samsung Galaxy Unpacked Event सँग सम्बन्धित केही नयाँ विवरणहरु सार्वजनिक भएका छन् । जस अनुसार जुलाइमा कम्पनीले Galaxy Z Fold 6 तथा Galaxy Z Flip 6 सँगै Galaxy Ring नामबाट स्मार्ट औंठी पनि सार्वजनिक गर्दैछ । उक्त स्मार्ट औंठी सार्वजनिक हुनु अगावै त्यसको मूल्यको खुलासा भएको छ । ग्यालेक्सी स्मार्ट औंठीको मूल्य ३०० देखि ३५० डलरसम्म पर्नेछ । सामसुङको ग्यालेक्सी औंठीको सिधा प्रतिस्पर्धा फिनिस कम्पनी औराको इगचब च्प्लन सँग हुनेछ । औराको स्मार्ट औंठीको मूल्य २९९ डलरदेखि ५४९ डलरसम्म रहेको छ । यसका अलावा यो औंठीको मासिक सब्सक्रिप्सन शुल्क पनि रहेको छ जुन वार्षिक ७१.८८ डलर छ । सामसुङको ग्यालेक्सी रिंगको बारेमा विस्तृत विवरण भने आइसकेको छैन । यद्यपि यसमा स्वास्थ्य तथा तन्दुरुस्ती ट्र्याकिङ फिचर हुने बताइएको छ । यो औंठीमा क्वयद्द, मुटुको गति, निद्रालगायतका फिचर्स हुनेछन् । यसमा ब्लुटुथ ५.४ कनेक्टिभिटी हुनेछ ।

-अनलाइन खबर डटकम

# आकाशमा उड्यो पर्वतका विद्यार्थीले बनाएको ड्रोन

जिल्लाको एक विद्यालयका छ जना विद्यार्थीले ड्रोन बनाएका छन् । सदरमुकाम कुश्माबजार स्थित नमूना आवासीय माविका ६ जना विद्यार्थीले ड्रोन बनाएर आकाशमा उडाउन सफल भएका हुन् ।



नमूना आवासीय मावि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले साढे दुई महिनाको अवधि लगाएर अत्याधुनिक प्रविधिको ड्रोन बनाएर सफल परीक्षण गरेका हुन् । कक्षा १० मा अध्ययरत उत्सभ गिरी, विज्ञान पौडेल, सुजन सुवेदी, चिन्तन सुवेदी, निश्चल शाही र सविन आरडीले ड्रोन बनाएका हुन् । क्यामेरा जडान गर्न सकिने उक्त ड्रोन पाँच सय मिटर वरिपरि उडाउन सकिने क्षमताको रहेको छ ।

कतिपय स्थानीय स्तरमा र कतिपय पोखरा, काठमाडौं, बुटवल र भारतबाट समेत सामग्री जुटाएर ड्रोन निर्माण गरिएको विद्यार्थी उत्सभ गिरीले जानकारी दिए । विज्ञान विषयमा सिकेको ज्ञान तथा युट्युब, विभिन्न बेवसाइट, शिक्षक तथा विभिन्न प्रदर्शनीमा देखेका आधारमा ड्रोन तयार पारिएको गिरीले बताए । ड्रोनमा क्यामेरा जडान गरेर फोटो तथा भिडियो खिच्न सकिन्छ भने यसलाई परिमार्जन गरेर सामान बोक्नका लागि प्रयोगसमेत गर्न सकिने अर्का विद्यार्थी विज्ञान पौडेलले बताए । उनका अनुसार यसका लागि आवश्यक सामाग्री स्थानीय स्तरमा नपाइने भएकाले लामो समय लागेको हो । गत माघ अन्तिमदेखि ड्रोन निर्माण शुरू गरिएको भएपनि आवश्यक उपकरण समयमै उपलब्ध नभएकाले वैशाख अन्तिम सातामात्र उनीहरूले पूर्णता दिएका हुन् ।

ड्रोन निर्माणका लागि आफ्नो सीप र परिश्रम बाहेक रु ५१ हजार सात सय ५० खर्च लागेको ड्रोन निर्माणकर्ता विद्यार्थी सुजन सुवेदीले बताए । फ्रेम, पंखा, इन्जिन, ब्याट्री, मोटर, ़लाइट कन्ट्रोलर, ट्रान्समिटर, एसी लगायतका उपकरण प्रयोग गरिएको उनले बताए । विद्यालयको नियमित पठनपाठनको अतिरिक्त समय व्यवस्थापन गरेर ड्रोन तयार गरिएको हो । दोस्रो प्रयासमा ड्रोन तयार भएको सुवेदीले बताए । उनीहरूले यसअघि रोवर्ट पनि बनाएको थियो । प्रधानाध्यापक इन्द्रमान खत्रीले विद्यार्थीले अतिरिक्त क्रियाकलापका रूपमा प्रविधितर्फ आकर्षण भएको बताए । उनले प्रविधिको हिसाबमा विश्वले नै फड्को मारेका बेला आफ्ना विद्यालयका विद्यार्थीले पनि यान्त्रिक उपकरण बनाएर सफल परीक्षण गरेको बताए । उनले विद्यार्थीहरूलाई विद्यालयले पनि आवश्यक साथ, सल्लाह र हौसला प्रदान गरेको उल्लेख गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामप्रसाद शर्माले विभिन्न शैक्षिक प्रदर्शनीमा जाँदा अन्य क्षेत्रका विद्यार्थीले गरेका विभिन्न आविस्कारका वस्तु देखेपछि आफ्नो विद्यालयका विद्यार्थीले पनि ड्रोन निर्माण गरेको बताए । ड्रोन बनाएर उडाएका विद्यार्थीले अब सामान बोक्न मिल्ने ड्रोन बनाउने तयारी गरेका छन् । त्यसका लागि आवश्यक सामग्री जुटाउन थालेको बताएका छन् । ती विद्यार्थीले नै उच्च शिक्षामा इलेक्ट्रोनिक इन्जिनियर बन्ने योजनासमेत बनाएका छन् । -रासस

# ईसेवाबाट बिमा नवीकरण गर्दा दुबई ट्रिप जित्ने मौका

नेपालको पहिलो र अग्रणी भुक्तानी सेवा प्रदायक इसेवा प्रयोगकर्ताहरूको लागि जीवन बिमाको प्रिमियम भुक्तानी गर्दा विभिन्न उपहारहरू पाउने योजना ल्याएको छ । जसमा एक भाग्यशाली विजेताले बम्परमा दुबई ट्रिपका साथै अन्य थुप्रै उपहारहरू जित्ने मौका पाउनेछन् ।




ज्येष्ठ २० देखि असार ३१ सम्म चल्ने यो अफरमा ई सेवासँग आबद्ध रहेका १२ वटा बिमा कम्पनीहरूमा जीवन बिमाको प्रिमियम भुक्तानी गर्ने प्रयोगकर्ताहरूले हरेक हप्ता आकर्षक उपहारहरू पाउनेछन् ।

हरेक हप्ता एक भाग्यशाली जोडीले सोल्टी होटेल काठमाडौँमा १ दिन २ रातको लागि स्टेकेसन प्याकेज पाउनेछन् भने ५ भाग्यशाली विजेताले ईसेवा केयर प्राप्त गर्नेछन् र बम्परमा ६ दिन ५ रातको लागि दुबई घुम्न जाने अवसर पाउनेछन् ।

यसका साथै विभिन्न जीवन बिमा कम्पनीहरूको प्रिमियम तिर्दा रु १००० सम्म क्यासब्याक तथा अन्य आकर्षक उपहारहरू पाउन सक्नेछन् । यस योजनाको बारेमा ईसेवाका प्रमुख व्यवसाय अधिकृत आशिष् गौतमका भनाई अनुसार सरकारी नीतिगत तवरबाट नै डिजिटल भुक्तानीलाई प्राथमिकता र प्रोत्साहन गर्ने कुरा अघि बढी रहेको समयमा, डिजिटल भुक्तानी सेवा प्रदायक कम्पनीको दायित्व स्वरूप प्रयोगकर्ताहरूमा यसको महत्त्व र आवश्यकताबारे चेतना अभिवृद्धि गर्ने उद्देश्यले पनि यो अभियान सञ्चालन गरिएको हो । यस अन्तर्गत प्रयोगकर्ताहरूले इसेवा मार्फत सजिलै आफ्नो जीवन बिमाको प्रिमियम भुक्तानी गर्दा विभिन्न उपहारहरू पाउने व्यवस्था गरी प्रयोगकर्ताहरूमा डिजिटल भुक्तानी तर्फ थप उत्साह सिर्जना हुने पनि बताएका छन् । इसेवा लि सन् २००९ बाट सेवा दिइरहेको नेपालको पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो ।

हाल नेपालको ७७ वटै जिल्लामा पहुँच भएको यस इसेवा लि सहरी केन्द्रमा मात्र सीमित नभएर उपत्यका बाहिर पनि ८ वटा शाखा कार्यालयहरू र ३ वटा सम्पर्क कार्यालयहरू नेपाल भरका प्रमुख शहरहरूमा अवस्थित रहेका छन् । हाल इसेवामा ८० लाख भन्दा बढी दर्ता भएका ग्राहकहरू, २५०,००० भन्दा बढी एजेन्टस्, ४९ बैंकहरू, ४५ लघुवित्तहरू, तथा ३५०,००० भन्दा बढी मर्चेन्टहरू आबद्ध रहेका छन् ।

-हाम्राकुरा डटकम

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति: २०८१/०२/२१**

दुर्गादत्त भट्टराईको नाति, हरिहर भट्टराई/बेलकुमारी भट्टराईको छोरा तुलसा भट्टराईको पति गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा वडा नं ०१ बस्ने दामोदर भट्टराईको मिति २०८०/०९/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको रिडी शाखामा रहेको दामोदर भट्टराइको खाता नं. ०४५००२१४३५१००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी तुलसा भट्टराइ ले यस बैंकको रिडी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय रिडी वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

**कुमारी बैंक लिमिटेड**
**रजिष्टर्ड कार्यालय, टंगाल, काठमाण्डौं**

# घट्यो सामसङको मूल्य

सामसङ नेपालले ग्यालेक्सी ए २५ ५जी, ग्यालेक्सी एम १४ एलटीई र ग्यालेक्सी ए०५ को मूल्य घटाएको छ । यी मोबाइलको मूल्य एक हजारदेखि दुई हजारसम्म घटाएको हो ।



ग्यालेक्सी ए २५ ५जी अन्तर्गत पर्ने ८ जीबी ऱ्याम र २५६ जीबी मेमोरी भएको फोनको मूल्य दुई हजार घटाएर ४२ हजार ९९९ रुपैयाँ कायम गरेको छ । यसअघि यो फोनको मूल्य ४४ हजार ९९९ रुपैयाँ थियो । त्यस्तै, ग्यालेक्सी ए२५ ५जीको ८जीबी ऱ्याम र १२८ जीबी मेमोरी भएको फोनको मूल्य एक हजार घटाएको छ । यो फोनको मूल्य ३९ हजार ९९९ रुपैयाँ तोकिएको छ । त्यसैगरी ग्यालेक्सी एम१४ एलटीईको मूल्य २० हजार ९९९ रुपैयाँ तोकिएको छ । यसअघि यो फोनको मूल्य २१ हजार ९९९ रुपैयाँ तोकिएको थियो । यो फोनमा ६ जीबी ऱ्याम र १२८ जीबी मेमोरी छ । ग्यालेक्सी ए ०५ को मूल्य एक हजार घटाएर १७ हजार ९९९ रुपैयाँ कायम गरिएको छ । ६जीबी ऱ्याम र १२८ जीबी मेमोरी भएको यो मोबाइलको मूल्य यसअघि १८ हजार ९९९ रुपैयाँ थियो । सामसङले ग्यालेक्सी ए २५ ५जी र एम१४ एलटीई इन्स्टा फाइनान्समार्फत आनो नागरिकताको साथमा शून्य प्रतिशत ब्याजदरमा इएमआई सुविधा पनि दिँदै आएको छ । यो सेवा देशभरका ५०० भन्दा बढी आधिकारिक सामसङ रिटेल स्टोरहरूमा उपलब्ध रहेको पनि बताइएको छ ।

-बाह्रखरी डटकम

# मिस्टर बिस्टले तोडे टी–सिरिजको कीर्तिमान

२६ वर्षीय अमेरिकी युट्युबर जिम्मी डोनाल्डसन उर्फ रुुमिस्टर बिस्ट अब विश्वमा सबैभन्दा धेरै सब्सक्राइबर भएको युट्युबर बनेका छन् । उनको च्यानल मिस्टर बिस्टको २६ करोड ८० लाख सब्सक्राइबर पुगेको हो ।




यससँगै जिम्मीले भारतीय म्युजिक लेबल टी-सिरिजको रेकर्ड तोडेका छन् । टी-सिरिज को युट्युब खातामा २६ करोड ६० लाख सब्सक्राइबर छन्। यस च्यानलका मालिक चलचित्र तथा संगीत निर्माता भूषण कुमार हुन् । जिम्मीले आइतबार ट्वीट गर्दै आफ्नो उपलब्धिको जानकारी दिएका छन् । यो सेयर गर्दै उनले ट्वीट गरे- '६ वर्षपछि मैले अन्तत: प्वीडीपाईको बदला लिएको छु ।' प्वीडीपाई एक स्विडेनी युट्युबर थिए जो एक पटक जिम्मीको पार्टनर थिए। एक समय थियो जब उनले टी-सिरिजको सबैभन्दा धेरै सब्सक्राइब च्यानल भएको रेकर्ड पनि तोडेका थिए । टी-सिरिजले २०१९ देखि सबैभन्दा धेरैसब्सक्राइबर भएको च्यानलको रूपमा युट्युबको शासन गरिरहेको थियो तर 'मिस्टर बिस्ट' ले यस वर्षको सुरुमा प्वीडीपाईको बदला लिने वाचा गरेका थिए । 'मिस्टर बिस्ट' आफ्नो रमाइलो भिडियोहरूका लागि परिचित छन् । मिस्टर बिस्टले बिस्ट फिलान्थ्रोपी नामक एनजीओ पनि खोलेका छन्, जसको माध्यमबाट उनले आफ्नो परिवार, साथीहरू, फ्यानहरू र खाँचोमा परेका मानिसहरूलाई मद्दत गर्छन् ।

-रातोपाटी डटकम

# लुम्बिनीको नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत

**तुलसीपुर (दाङ),** जेठ २१/ लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेको छ । प्रदेश प्रमुख अमिक शेरचनले सोमबार नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशका चार स्थानमा सामुदायिक शिशु स्याहार केन्द्र स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरिने बताए ।

घोराही, लुम्बिनी, बुटवल र नेपालगञ्जमा सामुदायिक शिशु स्याहार केन्द्रको स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । प्रदेश प्रमुख शेरचनले यसले गर्दा बच्चा भएकै कारण रोजगार छोड्नुपर्ने आमाको बाध्यता हट्ने विश्वास लिइएको बताए । उनका अनुसार प्रदेश राजधानी देउखुरीमा पनि सम्भाव्यता अध्ययन गरिने भएको छ । सन् २०३० सम्म प्रदेशलाई बालविवाहमुक्त बनाउने गरी १० वर्षे रणनीति बनाउने, सबै सामुदायिक विद्यालयमा किशोरी आत्मरक्षा तालिम प्रदान गरिने, प्रदेशस्तरीय बालसंरक्षण गृह निर्माण गर्ने कुरा नीति तथा कार्यक्रममा समावेश छ । 'किसानको हात, प्रदेशको साथ' कार्यक्रममार्फत उत्पादनमा आधारित अनुदान दिने, प्रविधिमार्फत कृषिको बजारीकरण गर्ने, 'बुद्ध पर्यटकीय मार्ग: लुम्बिनी-ढोरपाटन-दुनै-जुम्ला-खलङ्गा-रारा-काँक्रेविहार-कोलपुर-लुम्बिनी'को सम्भाव्यता अध्ययन, अन्तर प्रदेश समन्वय, नयाँ निर्माण हुने सडकलाई अपाङ्गमैत्री बनाउने, रामपुर-कपुरकोटलाई स्तरोन्नति, दाङको कोइलाबास नाकामा खानेपानी विशेष कार्यक्रम सञ्चालन गर्नेलगायत कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख छ । पहाडबाट तराई बस्न आउने कार्य निरुत्साहित, गाउँमै नमुना बस्ती निर्माण, प्रदेशका वनमा उत्पादन भएको काठलाई उचित प्रयोगका लागि सरकारी भवन निर्माण तथा फर्निचरमा लैजान कानुनी प्रबन्ध मिलाउने, प्रदेशभित्र जडीबुटी प्रशोधन उद्योग स्थापना, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सचेतना कार्यक्रम, अटिजम भएका बालबालिकालाई स्रोत कक्षा सञ्चालन, 'थोरै विद्यालय, धेरै विद्यार्थी'कार्यक्रम सञ्चालन गर्ने, कक्षा १२ देखि माथिका विद्यार्थीलाई प्रदेश तथा स्थानीय तहमा इन्टरनेटको व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा समावेश छन् । प्रदेशभित्र मातृभाषाका रुपमा बोलिने भाषालाई कामकाजको भाषा बनाउने, हिमाली तथा पहाडी जिल्लामा सुत्केरी उद्धारका लागि एयर एम्बुलेन्सको व्यवस्था गर्ने, एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेलगायत कार्यक्रम प्रदेश प्रमुख शेरचनले सोमबार प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।


**तानसेन नगरपालिका**
**तानसेन नगरकार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश नेपाल**

## रानीमहल दरबार व्यवस्थापन तथा प्रवेश शूल्क संकलन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२२ गते**

तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक ऐन २०८० को दफा १८ र आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ को व्यवस्था बमोजिम आगामी आ.व. २०८१/०८२ का लागि तानसेन नगरपालिका वडा नं. १३ मा रहेको रानीमहल (रानीघाट दरबार) व्यवस्थापन तथा तोकिएको दररेटमा प्रवेश शूल्क संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी देहाय बमोजिमको मिति र समय भित्र यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं. ३०३०१००३०१०१०००४ ग-१-१ आन्तरिक राजश्व खातामा तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनूगमन कार्यलयको **website: www.bolpatra.gov.np** बाट बोलपत्र फाराम Download गरी मूअ.कर र अग्रीम आयकर समेतको कूल कबोल अंकको ५ प्रतिशतले हुने आउने रकम धरौटी स्वरुप यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं.३०३०१००३०३००००४ (ग-३) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यलयको नाममा जारी गरेको बैंक जमानत (विड वण्ड) संलग्न राखी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**आवश्यक कागजातहरु**

- फर्म दर्ताको प्रमाणित प्रतिलिपी
- फर्म नवीकरणको प्रमाणित प्रतिलिपी
- मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- आ.व. २०७९/०८० को कर चूक्ता प्रमाणपत्रको प्रतिलिपी

**ठेक्का विवरण**

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक रु. (कर बाहेक) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/TNSN/ 007/080/081 | रानीमहल (रानीघाट दरबार) व्यवस्थापन तथा प्रवेश शुल्क संकलन | रु. ७७,५०,०००। | रु. ३०००।०० | बोलपत्र |

**शर्त तथा बन्देजहरु**

**१. बोलपत्र फाराम खरिद गर्ने मिति, समय र स्थान :** बोलपत्रचाहने फर्म/कम्पनीले उल्लेखित प्याकेजका बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति यो सूचना प्रकाशित मितिले ३० दिन भित्र वा २०८१/०३/१९ गते भित्र बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताहरुले निर्धारित बोलपत्र दस्तुर यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं. ३०३०१००३०१०१०००४ ग-१-१ आन्तरिक राजश्व खातामा जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनूगमन कार्यलयको website: www.bolpatra.gov.np बाट बोलपत्र फाराम Download गर्नुपर्ने छ ।

२. बोलपत्र फाराम दाखिला गर्ने, खोल्ने समय र स्थान : मिति २०८१/०३/२० गते दिउँसो १२:०० बजे भित्र e-GP प्रणालीबाट upload गर्नुपर्ने छ । upload भएका बोलपत्रहरु २०८१/०३/२० गते दिउँसो २:०० बजे तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । upload भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् ।

३. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

४. बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रिम बुझाउनु पर्ने छ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट तानसेन नगरपालिकाको नाममा जारी मिति २०८२ साल साउन मसान्तसम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

५. बोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुने छ ।

६. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुने छ ।

७. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

८. ठेक्का अवधि कार्यदिश पाएको मिति देखि २०८२ साल असार मसान्तसम्मको लागि मात्र हुने छ ।

९. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१०. ठेक्का अंक रकम एकमुष्ट अग्रिम बुझाएमा ५ % छुट दिईने छ तर सो छुट दिदा ठेक्का अंकको न्युनतम रकम भन्दा कम हुने गरी घटाईने छैन ।

११. बोलपत्रदाखिला गर्दा कवोल गरेको कुल रकमको मू.अ.कर र ५ % ले हुँन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।

१२. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

*तानसेन नगरपालिका कार्यालय*


खेलकुद समाचार

## वेष्टइन्डिजको संघर्षपूर्ण जित



**काठमाडौं, २१ जेठ/** घरेलु टोली वेष्टइन्डिजले आईसीसी टी-२० विश्वकप २०२४ मा पपुवा न्युगिनीमाथि ५ विकेटको संघर्षपूर्ण जित हात पारेको छ । १३७ रनको सामान्य लक्ष्य पछ्याएको वेष्टइन्डिजले १९ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो । रोश्टन चेशले २७ बलमा ४ चौका र २ छक्कासहित सर्वाधिक ४२ रनको अविजित इनिङ खेले ।

एक समय वेष्टइन्डिजलाई जितको लागि १९ बलमा ३९ रन चाहिएको अवस्थामा थियो । त्यसपछि रोश्टन चेश र आन्द्रे रसेलले खेल जितसम्म पुऱ्याएका थिए । स्कोर बोर्डमा खासै ठूलो योगफल नबनाए पनि पपुवा न्युगिनीका बलरले वेष्टइन्डिजका ब्याटरलाई दबाबमा राख्न सफल भएका थिए ।

ओपनर ब्रेन्डन किंग २९ बलमा ७ चौकासहित ३४, जोनसन चार्ल्स शून्य, निकोलस पुरन २७, रोभम्यान पावेल र आन्द्रे रसेलले १५/१५ रन बनाए । पपुवा न्युगिनीका असाद भालाले ४ ओभरमा १ मेडनसहित २८ रन खर्चेर २ विकेट लिए । एली नओ, चाद सोपर, जोन कारिकोले एक/एक विकेट लिए ।

त्यसअघि प्रोभिडेन्स रंगशालामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको पपुवा न्युगिनीले २० ओभरमा ८ विकेट गुमाउँदै १३६ रन बनाएको थियो । सेसे बाउले ४३ बलमा ६ चौका र १ छक्कासहित सर्वाधिक ५० रनको अर्धशतकीय इनिङ खेले । असाद भाला २१, टोनी उरा २, चार्ल्स अमिनी १२, किप्लिङ डोरिगा २७ र चाद सोपरले १० रन जोडे । वेष्टइन्डिजका आन्द्रे रसेल र अल्जारी जोशेफले २/२ विकेट लिए । अकिल हुसेन, रोमारियो शेफर्ड र गुडाकेश मोतीले एक/एक विकेट लिए । समूह सी मा वेष्टइन्डिज, पपुवा न्युगिनी, अफगानिस्तान, न्युजिल्यान्ड र युगान्डा छन् । विश्वकपको तेस्रो खेलमा आज बिहान ६ : ३० मा समूह बी का ओमान र नामिबियाबीच प्रतिस्पर्धा हुनेछ । नेपालले भने ४ जुनमा नेदरल्यान्ड्ससँग खेल्दै सुरुआत गर्नेछ ।

अर्थ/कर्पोरेट समाचार

## गृहिणी महिला रोजगार कार्यक्रम



**बुटवल,** जेठ २१/गृहिणी महिलालाई सीप र रोजगारसँग जोड्दै आर्थिक रुपमा सबल बनाउन बुटवलमा नगर प्रमुख गृहिणी महिला रोजगार कार्यक्रम शुरु भएको छ । बुटवल उपमहानगरपालिकाकाले नगरप्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम अगाडि सारेको हो ।

कार्यक्रमको सोमबार बुटवल-६ बाट शुभारम्भ गरिएको छ । उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले कार्यक्रमको शुभारम्भ गरेका हुन् । उनले कार्यक्रमको शुभारम्भ गर्दै महिलालाई सीप र रोजगारसँग जोडेर सबल बनाउनका लागि कार्यक्रम शुरु गरिएको बताए । पहिलो चरणमा नगरका ८ सय जना महिलालाई तालिममा समाबेश गर्ने नगरको लक्ष्य रहेको प्रमुख पाण्डेको भनाइ छ । तालिम पश्चात हरेक टोल-टोलमा गृहिणी महिला स्वरोजगार समिति नै गठन गरेर अगाडि बढाउने उनले बताए । प्रमुख पाण्डेले महिलाहरुलाई आर्यआर्जनसँग जोड्न सिप नै सबैभन्दा ठूलो माध्यम हो भन्ने अभियान चलाएर बुटवललाई एउटा आर्थिक आर्यआर्जनको उर्जाशिल क्षेत्रको रुपमा रुपान्तरण गर्न चाहेको धारणा व्यक्त गरे । गृहिणी महिला स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९ अनुसार यो तालिममा सहभागी भएका महिलाहरुले उत्पादन गरेका सामग्री बिक्रीका लागि कोशेली घर निर्माण गरी बजारीकरणको व्यवस्था गर्ने उपप्रमुख सावित्रादेवी अर्यालले बताइन् । वडा अध्यक्ष लोकनाथ न्यौपानेले स्थानीय स्तरमा महिलाहरुमा उत्साह बढेको र यसले बुटवललाई सीप र उत्पादनका क्षेत्रमा अगाडि लैजाने बताए ।

## पाल्पाका स्थानीय...

...रम्भा गाउँपालिकाको एक अर्ब १८ करोड ६० लाख १६ हजार लेखापरीक्षण गर्दा २ करोड ३८ लाख ५४ हजार बेरुजु देखिन आएको छ । जुन समग्र बेरुजुको २ दशमलव ०१ प्रतिशत हो ।

यहाँ अघिल्लो आवमा ३ करोड ५४ लाख ७१ हजार बेरुजु थियो । यस्तै रिब्दीकोट गाउँपालिकाको ८७ करोड ४० लाख ४ हजार लेखापरीक्षण गर्दा ९३ लाख ८६ हजार बेरुजु रहेको देखिन्छ । जुन समग्र बेरुजुको १ दशमलव ७ प्रतिशत हो । यहाँ अघिल्लो आवमा २ करोड २४ लाख ७१ हजार बेरुजु थियो । यस्तै रैनादेवी छहरा गाउँपालिकाको एक अर्ब १६ करोड ८६ लाख १९ हजार लेखापरीक्षण गर्दा १ करोड ४३ लाख ३४ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ । जुन समग्र बेरुजुको १ दशमलव २३ प्रतिशत हो । यहाँ अघिल्लो आर्थिक वर्ष १ करोड ७३ लाख ८८ हजार बेरुजु थियो । जिल्लाको बेरुजुमा केही सुधार देखिए पनि अझै त्यसको रापताप भने कायमै छ । वास्तविक स्रोतमा आधारित भई बजेट निर्माण गरिनुपर्नेमा महालेखाको ६१ औं प्रतिवेदनले हरेक बजेटका नीति तथा कार्यक्रम महत्वपूर्ण भन्दै प्रस्तुत गर्ने गरे पनि कार्यान्वयन हुन नसेककेको औंल्याएको छ ।

यथार्थपरक र वास्तविक स्रोतमा आधारित भई बजेट निर्माणमा महालेखाको प्रतिवेदनले जोड दिएको छ । चालु खर्च बढी र पुँजीगत खर्च कम हुँदै गएकाले विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्च वृद्धि गर्न सुझाएको छ। विनियोजित बजेटको खर्च प्रतिशत घट्दो क्रममा रहेको उल्लेख गर्दै प्रतिवेदनले कार्ययोजना बनाइ बजेट खर्च गर्न भनेको छ ।


**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उप्रान्त गुल्मी जिल्ला साविक दिगाम-४ हाल छत्रकोट ४ निवासी भेषराज सुवेदीले श्री अमरनारायण गुठी (ज.ध) आफू मोही कायम रहेको बर्तुङ ३ पाल्पा कि.नं.१४६२ जग्गाको ज.ध.पुर्जा हराएको, जग्गाको श्रेष्ता कायम गरीपांउ भनी यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा पाल्पा जिल्ला साविक बर्तुङ ३ कि.नं.१४६२ को जग्गाधनी प्रमाण पूर्जा हराएको हो वा होइन ? हाल सम्म किन श्रेस्ता कायम नभएको हो ? उक्त जग्गामा हाल कसको हकभोग छ ? ज.ध श्री अमरनारायण गुठी मोही भेषराज सुवेदी (निवेदक) को हकभोग छ वा छैन अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा निवेदकले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? ज.ध श्री अमरनारायण गुठी मोही भेषराज सुवेदी (निवेदक) नाउँमा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरिदिंदा अन्य कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु ज.ध श्री अमरनारायण गुठी मोही भेषराज सुवेदी (निवेदक) नाउँमा श्रेस्ता कायम गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम ज.ध श्री अमरनारायण गुठी मोही भेषराज सुवेदी (निवेदक) का नाममा श्रेष्ता कायम भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ । इति सम्वत २०८१ साल जेष्ठ २० गते रोज १ मा शुभम् ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई